# आमाछोदिङमो गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २गोल्जुङबेशी रसुवा ( मिति २०८२।२।१) संख्या ०२

## भाग- २

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२ बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** सार्वजनिक निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी कार्य सम्पादन गर्दा भैपरी आउने किसिमका खर्चलाई लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम र कार्यालय व्यवस्थापन खर्चको रुपमा समावेश गरी सम्बन्धित निर्माण कार्य वा परामर्श सेवासँग सम्बन्धित काममा मितव्ययी प्रभावकारी एवम् पारदर्शी रुपमा खर्च गर्ने प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अन्तर्गतको अनुसूची-१ को द्रष्टव्य (ग) तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची १ (क) को द्रष्टव्य (ङ) ले दिएको अधिकार प्रयोग गरी आमाछोदिङमो गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

आमाछोदिङमो स्थानीय राजपत्र

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि आमाछोदिङमो गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "कन्टिन्जेन्सी खर्च" भन्नाले दफा ४ बमोजिम गरिने खर्च सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(घ) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(च) "वर्क चार्ज, स्टाफ खर्च तथा सानातिना अन्य खर्च' भन्नाले दफा ४ बमोजिमको कार्यमा हुने खर्चलाई सम्झनुपर्छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

## परिच्छेद २
## कन्टिन्जेन्सी रकम खर्च सम्बन्धमा

**३. कन्टिन्जेन्सीबाट सवारी साधन तथा भारी उपकरण खरिदः** (१) निर्माण/परामर्श वस्तु खरिद कार्यको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्ने प्रयोजनको लागि चारपाङ्ग्रे सवारी साधन तथा भारी उपकरण खरिद गर्न कम्तीमा खर्च गर्न मिल्ने कुल कन्टिन्जेन्सी मध्ये २५ प्रतिशत कन्टिन्जेन्सी रकम छुट्याई सम्बन्धित आमाछोदिङमो गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरि सवारी साधन खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम खरिद गरिएको सवारी साधन तथा मेशिनरी औजारहरु कार्यालय प्रयोजनको लागि उपयोग गरिनेछ।

(३) सीमा भित्र रही आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरि आवश्यक मोटर साइकल स्कुटर तथा स-साना मेशिनरी औजार समेत खरिद गर्न सक्नेछन् ।

४. **कन्टिन्जेन्सी खर्च शीर्षकः** कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम अन्तर्गत वर्क चार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्च शीर्षकमा प्रयोग तथा खर्च गर्न सकिनेछ।

(१) वर्क चार्ज, स्टाफ खर्च शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ-

(क) निर्माण कार्यको सुपरभिजन, सञ्चालन तथा संरक्षणको लागि आवश्यक अस्थायी प्रकृति (करार, ज्यालादारी) को जनशक्ति व्यवस्थापन,

(ख) विवाद समाधान (मध्यस्तता, अदालत) सम्बन्धी खर्च,

(ग) नियमानुसार प्रोत्साहन खर्च,

(घ) सम्बन्धित अध्ययन, अनुसन्धान तथा परिक्षण खर्च, र

(ङ) सम्बन्धित कार्य गर्नको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन तथा विज्ञ सेवा।

(२) अन्य सानातिना खर्च शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(क) निर्माण कार्यसँग सम्बन्धित बोलपत्र/प्रस्ताव तयारी खर्च,

(ख) सूचना प्रकाशन,

(ग) सम्बन्धित कार्यको सुपरीवेक्षण, सञ्चालन तथा संरक्षण लगायत फिल्ड कार्यमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च,

(घ) स्टेशनरी,

(ङ) फर्निचर,

(च) सञ्चार,

(छ) विद्युत तथा पानी महशुल खर्च,

(ज) फोटोकपी मेसिन/प्रिन्टर/कम्प्यूटर खरिद,

(झ) बैठक तथा प्रस्तुतिकरण भत्ता,

(ञ) सवारी साधन मर्मत तथा संभार र सम्बन्धित कार्यमा आवश्यक पर्ने सवारी साधन भाडा,

(ट) कार्यालयका मेशीनरी औजार उपकरणको मर्मत सम्भार खर्च, र

(ठ) अतिथि सत्कार व्यवस्थापन।

**५. कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमाः** (१) कुनै पनि आयोजनाको लागत अनुमानको अधिकतम चार प्रतिशतसम्म (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अन्तर्गतको अनुसूची-१ तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची-१ (क)) कन्टिन्जेन्सी शीर्षक अन्तर्गत छुट्याइ खर्च गर्न सकिनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(२) खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको गणना मूल्य अभिवृद्धि कर वाहेकको लागत अनुमानको आधारमा हिसाब गर्नु पर्नेछ।

(३) ठेक्का सम्झौता हुन बाँकी रहेको अवस्थामा पनि ठेक्का व्यवस्थापनको लागि उपदफा (१) मा उल्लेखित सीमाभित्र रही लागत अनुमानको आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम खर्च गर्न योग्य कन्टिन्जेन्सी रकममा दफा ३ बमोजिम आमाछोदिङमो गाउँपालिकाले वर्क चार्ज, स्टाफ खर्च र सानातिना अन्य खर्चको लागि यस निर्देशिका बमोजिम खर्च गर्न सकिनेछ।

**६.कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने:** (१) यस निर्देशिका बमोजिम प्रत्येक ठेक्काको लागि खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा राखी त्यसलाई नापी किताबमा समेत प्रविष्ट गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बढीमा बीस लाख रुपैयाँसम्म विनियोजित बजेट भएका धेरै योजनाहरू हुने बजेट उपशिर्षकहरूको हकमा कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशिर्षकमा एकमुष्ट खर्च जनाउन सकिनेछ र त्यस्तो एकमुष्ट खर्च रकमलाई समानुपातिक रुपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापी किताबमा कन्टिन्जेन्सी खर्च प्रविष्ट गरी अनुसूची-१ बमोजिमको ढाँचामा विवरण (ठेक्का नं. बाहेक) तयार गर्नु पर्नेछ।

आमाछोदिङमो स्थानीय राजपत्र

**७. सुपरीवेक्षक तथा अन्य कर्मचारीहरूको तलब भत्ता भुक्तानीः** निर्माण कार्यको दैनिक सुपरीवेक्षणमा खटिएका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरूको तलब भत्ता भुक्तानी गर्दा निजहरूको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन एक आर्थिक वर्षमा एकपटक श्रेस्तामा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

**८. परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चः** कार्यालय व्यवस्थापनको लागि छुट्याइएको रकम दफा ५ मा उल्लेख भएको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले दफा ४ बमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ र यसरी भएको खर्चका छुट्टै अभिलेख अनुसूची-१ बमोजिम ढाँचामा खडा गरी राख्नु पर्नेछ ।

**९. बहुवर्षीय ठेक्कामा कन्टिन्जेन्सी खर्चको व्यवस्थापनः** बहुवर्षीय ठेक्काको सम्बन्धमा चालु आर्थिक वर्षको लागि अनुमानित खर्च रकमको अनुपातको आधारमा दफा ५ बमोजिमको सीमा भित्र रही कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।

तर अनुमानित खर्च रकमको अनुपात भन्दा बढी कन्टिन्जेन्सी रकम खर्च गर्नु परेमा अनिवार्य रुपमा एक तह माथिको अधिकारीको लिखित स्वीकृति लिनु पर्नेछ।

आमाछोडिङ्मो स्थानीय राजपत्र

## परिच्छेद - ३
## विविध

**१०. कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्नेः** (१) प्रत्येक आयोजनाको लागत अनुमान स्वीकृत गर्दाको समयमा नै कन्टिन्जेन्सी वापत छुट्याइएको रकमको हकमा अनुसूची-१ बमोजिमको वर्क चार्ज, स्टाफ खर्च र सानातिना अन्य खर्चको लागि के कस्तो कार्यमा के कति खर्च हुने हो सो को समेत अनुमानित लागत तयार गरी स्वीकृत गराउनु पर्नेछ।

**११. आधार/विस्तृत व्यहोरा तयार गर्नेः** (१) आयोजना वा कार्यालय प्रमुखले देहायका विषयहरूलाई समेत आधारमानी कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्ने सम्बन्धी आधार/विस्तृत व्यहोरा/मापदण्ड तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(क) आयोजना सञ्चालन हुने क्षेत्रको भौगोलिक अवस्था,

(ख) आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले सञ्चालन गर्नुपर्ने अन्य आयोजनाहरू,

(ग) कार्यको जटिलता तथा कार्यबोझ,

(घ) कार्य सुपरीवेक्षक तथा अन्य आवश्यक जनशक्तिको लागि चाहिने योग्यता, प्राविधिक क्षमता, कार्यालयको कार्यबोझ, जनशक्तिको उपलब्धता।

आमाछोदिङमो स्थानीय राजपत्र

(२) आयोजना वा कार्यालय प्रमुखले कार्यालयको सवारी साधनको लागि उपलब्ध हुने इन्धनको सम्बन्धमा समेत प्रचलित नियम/निर्देशिकाहरू उपलब्ध भएमा वा निश्चित आधार/विस्तृत व्यहोरा/मापदण्ड तयार गरेर मात्र इन्धन उपलब्ध गराउनु पर्नेछ।

**१२. मितव्ययीता कायम गर्नुपर्नेः** (१) कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी रुपमा गर्नु पर्नेछ।

(२) सार्वजनिक खरिदको बोलपत्र आव्हान तथा अन्य सूचना पत्रपत्रिकामा प्रकाशन गर्दा छोटो रुपमा अत्यावश्यक जानकारी मात्रै प्रकाशन गरी सो को विस्तृत सूचना सम्बन्धित विभाग, कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा राख्नु पर्नेछ।

**१३. अभिलेख अध्यावधिक गर्नेः** यस कार्यविधि बमोजिम भए गरेको कन्टिन्जेन्सी खर्च रकमको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ।

**१४. कारवाही गरिनेः** यो कार्यविधिमा उल्लेखित व्यवस्था विपरीत हुने गरी कन्टिन्जेन्सी रकम खर्च गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख तथा खर्च गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**१५. प्रचलित कानूनको पालना गर्नुपर्नेः** यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा ऐन, नियमावली र अन्य प्रचलित कानूनको पालना र सो बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

आमाछोडिङमो स्थानीय राजपत्र

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नुपरेमा आमाछ्योदिङमो गाउँपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

आज्ञाले
बिकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची- १ (दफा ५ सँग सम्बन्धित)

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

कन्टिजेन्सी खर्चको विवरण

कार्यालयको नामः आमाछोदिङमो गाउँपालिका ठेक्का नं/कार्यक्रमः कार्यक्रम स्थलः जिल्लाः रसुवा

बजेट उपशीर्षक नं.. लागत अनुमान (मू.अ.क. बाहेक); सम्झौता अंक (मू.अ.क. बाहेक. ल.ई. अनुसार स्वीकृत

कन्टिजेन्सी रकमः. सम्झौता अनुसार कन्टिजेन्सी रकमः (दफा ५ ले तोकेको सीमा अनुसार गणना गरिएको)

<table>
<tr><th rowspan="3">मिति</th><th rowspan="3">गो. भौ.</th><th rowspan="3">खर्चको व्यहोरा</th><th rowspan="3">गत वर्ष सम्मको कुल कन्टिजेन्सी खर्च</th><th colspan="2">विभागमा पठाएको रकम</th><th colspan="11">यो आ.व. को कन्टिन्जेन्सी खर्च</th><th rowspan="3">जम्मा कन्टिजेन्सी खर्च</th><th rowspan="3">यो वर्षसम्मको कुल कन्टिजेन्सी खर्च</th></tr>
<tr><th rowspan="2">गत आ.व.</th><th rowspan="2">चालु आ.व.</th><th colspan="5">वर्क चार्ज, स्टाफ खर्च</th><th colspan="6">सानातिना अन्य खर्च</th></tr>
<tr><th>मष्टररोल ज्याला</th><th>विवाद समाधन खर्च</th><th>टिएडिए</th><th>अन्य</th><th>जम्मा</th><th>इन्धन खर्च</th><th>स्टेशनरी, छपाई सुचना प्रकाशन आदि</th><th>सवारी साधनतथा अन्य मर्मत सम्भार खर्च</th><th>खप्ने मालसामान खरिद</th><th>अन्य</th><th>जम्मा</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

तयार गर्नेः (लेखा प्रमुख) प्रमाणित गर्नेः

आमाछोदिङमो स्थानीय राजपत्र